# स्थानीय राजपत्र

## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ६ संख्या ३ मिति २०७९/०६/०६**

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### प्रसुती केन्द्रमा भान्छाघर (सञ्चालन) कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।०६।०६

**प्रस्तावनाः** पालुङटार नगरपालिका क्षेत्रभित्र प्रसुती केन्द्रहरुमा प्रसुती सेवा लिने सुत्केरी आमाहरुका लागि तत्कालिन अवस्थामा निजको पोषण अवस्था कमजोर हुनबाट बचाउन, नवशिशुको लागि आवश्यक स्तनपान गराउन सक्षम बनाउन साथै संस्थागत प्रसुती बढाउन, प्रसुती पश्चात हुने जटिलतामा कम गर्न र तत्कालिन अवस्थामा खानाको व्यवस्थापन गर्न नसक्ने सुत्केरी र आफन्तहरुलाई सहज वातावरण होस् भन्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रसुती केन्द्रमा भान्छाघर (सञ्चालन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि पालुङटार नगरपालिका भित्र लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "कार्यक्रम" भन्नाले सुत्केरी भान्छाघर सञ्चालन कार्यक्रम सम्झनु पर्दछ।

(ख) "कार्यक्रम खर्च" भन्नाले लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्दछ।

(ग) "जिम्मेवार शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ।

(ङ) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख लाई सम्झनु पर्दछ।

(च) "नगर उप-प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(छ) "पोषण" भन्नाले मान्छेको शरीरको वृद्धि विकासको लागि मद्दत गर्ने खाद्य पदार्थहरुमा पाइने शक्तिबर्द्धक रासायनिक तत्वलाई सम्झनु पर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ।

(झ) "प्रसुती केन्द्र" भन्नाले नगरपालिका भित्र रहेका प्रसुती केन्द्रहरुलाई सम्झनु पर्दछ।

(ञ) "समिति" भन्नाले दफा (४) बमोजिम कार्यक्रम सञ्चालन, अनुगमन, अभिलेख राख्ने सुत्केरी पोषण समन्वय समिति सम्झनु पर्दछ।

**३. उद्देश्य :** प्रसुती केन्द्रमा भान्छाघर सञ्चालन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) स्वास्थ्य संस्थाहरुमा प्रसुती हुनेको दर बढाउने र शुन्य होम डेलिभरी बनाउन प्रोत्साहित गराउने,

(ख) नवशिशुको लागि आवश्यक स्तनपान गराउन सक्षम बनाउने,

(ग) प्रसुती अवस्थामा आमा र बच्चाको पोषण अवस्था कमजोर हुनबाट बचाउने,

(घ) आमा र बच्चाको स्वास्थ्य र पोषण अबस्थामा सुधार ल्याउने,

(ङ) तत्कालिन अवस्थामा खानाको व्यवस्थापन गर्न नसक्ने सुत्केरी र कुरुवालाई सहज वातावरण सिर्जना गर्ने ।

## परिच्छेद २

## कार्यान्वयन संरचना र क्रियाकलाप

४. **कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि संरचनात्मक व्यवस्था :** (१) पालुङटार नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने प्रसुती केन्द्रमा भान्छाघर सञ्चालन कार्यक्रमको योजना तर्जुमा, सञ्चालन एवं व्यवस्थापन र अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि तपशिल बमोजिमको एक समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) नगर प्रमुख | - | संयोजक |
| (ख) नगर उप प्रमुख | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (ङ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | - | सदस्य |
| (च) स्वास्थ्य शाखाका नर्सिङ अधिकृत | - | सदस्य |
| (छ) आयुर्वेद शाखा प्रमुख | - | सदस्य |
| (ज) स्वास्थ्य शाखाका अधिकृत | - | सदस्य |

(झ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकार :** दफा (४) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन साथै कार्यक्रमको अनुगमन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको सिलसिलामा नगर प्रमुख लगायत अन्य संघ संस्थाहरु सँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरु गराउन समन्वय गर्ने,

(घ) कार्यक्रमको पहिचान, प्राथमिकिकरण तथा तर्जुमा गर्ने, नगर सभाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्ने,

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन आधार तथा प्रक्रिया

**६. कार्यक्रम सञ्चालन आधार :** (१) पालुङटार नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा सुत्केरी भएको आधारमा स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा सुत्केरी हुने महिलालाई सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जेनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको आवश्यकता, प्रभावकारिता र कार्यान्वयन प्रक्रियालाई मध्येनजर राखी थपघट गर्न सकिनेछ ।

**७. सेवा उपलब्ध गराउने प्रक्रिया :** (१) पालुङटार नगरपालिका भित्र रहेका प्रसुती केन्द्र वा स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने महिलालाई सम्बन्धित प्रसुती केन्द्र वा स्वास्थ्य संस्था मार्फत पोषणयुक्त खाना उपलब्ध गराइनेछ ।

(२) पालुङटार नगरपालिका भित्र प्रसुती केन्द्र वा स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिएका सेवाग्राही महिलालाई सो समय अवधीभर प्रति सुत्केरी कम्तिमा दिनको तीन पटक खानाको व्यवस्था गरिनेछ जसमा दाल, भात, तरकारी र माछा/मासु समावेश गराइनेछ ।

तर शाकाहारी खाना खानेको हकमा माछा/मासुको सट्टामा उपयुक्त पोषणयुक्त खानाको व्यवस्था गरिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार खानाको समय थप गर्न सकिनेछ ।

(४) सुत्केरी भान्छाघर प्रसुती केन्द्र वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी र सुत्केरी विरामी कुरुवा वा आफन्तको सहयोगमा सञ्चालन गरिनेछ ।

(५) भान्छाघर सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम सामाग्री शुरुवात अवस्थामा नगरपालिकाबाट खरिद गरी उपलब्ध गराइनेछ र आवश्यकता अनुसार खरीद प्रक्रियालाई निरन्तरता दिइनेछ ।

(६) भान्छाघर सञ्चालन गर्दा प्रति छाक रु ४००।- को दरले नबढ्ने गरी पोषणयुक्त खाना उपलब्ध गराउनु पर्नेछ ।

(७) भान्छाघर सञ्चालनको लागि सहयोग पुऱ्याउने कर्मचारीलाई प्रोत्साहन स्वरुप एक मुष्ट रुपमा प्रति सुत्केरी रु १००।- का दरले प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ ।

(८) स्वास्थ्य संस्था वा प्रसुती केन्द्रले मासिक रुपमा बिल भरपाई अनुसूची १ बमोजिम स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ ।

(९) उपदफा ८ बमोजिम पेश गरेको भरपाई अनुसूची २ बमोजिमको ढाँचामा अभिलेख राखे नराखेको हेरी राखेको भए सोही अनुरुप शाखाले भुक्तानीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

## परिच्छेद ४

## विविध

८. **अभिलेख राख्नु पर्ने :** यस कार्यक्रम बमोजिम सेवा लिने सेवाग्राहीहरुको अभिलेख सम्बन्धित स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा राख्नु पर्नेछ ।

९. **प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कार्यक्रमको प्रतिवेदन मासिक रुपमा प्रसुती केन्द्रले स्वास्थ्य शाखालाई, स्वास्थ्य शाखाले समितिलाई र समितिले प्रत्येक ३ (तीन) महिनामा भए गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजानिक गर्नु पर्नेछ ।

१०. **खर्च र लेखा परीक्षण :** (१) कार्यक्रमको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कार्यक्रमको आयव्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

११. **व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

१२. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

(दफा ७ को उपदफा ८ सँग सम्बन्धित)

## सुत्केरी भान्छाघर सेवा लिएको भरपाई

म...................ले यस स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा आएर सुत्केरी भई सुत्केरी महिलालाई पालुङटार नगरपालिका मार्फत प्रदान हुने सुत्केरी भान्छाघर सेवा लिएको हुँदा यो भरपाई गरीदिएँ ।

नम थर:

उमेर, ठेगाना:

दस्तखत:

प्रसुती भएको मिति:

अस्पतालको नाम:

मोबाइल नं:

## अनुसूची २

(दफा ७ को उपदफा ९ सँग सम्बन्धित)

### अभिलेखको ढाँचा

| मिति | समय | | | खाना खाए पश्चात सुत्केरीको हस्ताक्षर | | | खाना खाने समयमा उपस्थित कर्मचारीको हस्ताक्षर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विहान | दिउँसो | बेलुका | विहान | दिउँसो | बेलुका | विहान | दिउँसो | बेलुका |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणित गर्ने कर्मचारी

नामः

पदः

दस्तखतः

आज्ञाले,

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत